# नेपाल सरकारको वार्ता टोली र क्षत्री राष्ट्रिय आन्दोलन समिति बीच भएको सहमति

## मिति २०६८ जेठ ८ गते भएको सहमति

१. निर्धारित समयमा हाम्रो र राम्रो संविधान जारी गरियोस् भन्ने मागलाई सरकारले स्वीकार गर्दछ ।

२. राज्यको पुनर्संरचना गर्दा राष्ट्रिय अखण्डता र जातीय सद्भावलाई सुदृढ पार्ने गरी भौगोलिक निकटता, प्रशासनिक अनुकुलता, श्रोत र साधनको उपलब्धता, आर्थिक सम्भाव्यता र भाषिक तथा सांस्कृतिक समानताको आधारमा समेत गर्न संविधान सभामा सिफारिससाथ अनुरोध गर्ने ।

३. राज्यका तर्फबाट प्रदान गरिने विभिन्न आरक्षण सुविधाहरुमा सामाजिक-आर्थिक हैसियत (वर्ग) लाई समेत प्राथमिकता दिन नेपाल सरकार प्रतिबद्धता व्यक्त गर्दछ ।

४. भविष्यमा समानुपातिक निर्वाचन प्रणालीका लागि जातीय समूह बनाउँदा 'खस क्षत्री'हरुलाई निश्चित पहिचानसहित प्रतिनिधित्वको व्यवस्था गरियोस् भन्ने मागका सम्बन्धमा सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

५. क्षत्री जातिलाई आदिवासी जातिमा सूचिकृत गरियोस् भन्ने मागका सम्बन्धमा अध्ययन गर्न एक महिनाभित्र सरकारले एउटा अध्ययन कार्यदल बनाउनेछ र त्यसको सुझावको आधारमा आवश्यक व्यवस्था गरिनेछ ।

६. क्षत्री राष्ट्रिय आन्दोलन समितिले आव्हान गरेको आन्दोलनका सम्पूर्ण कार्यक्रमहरु आजैका मितिबाट फिर्ता लिइएका छन् ।

प्रा.डा. दिलबहादुर क्षत्री
संयोजक
क्षत्री राष्ट्रिय आन्दोलन समिति

विश्वनाथ शाह
शान्ति तथा वार्ता टोली संयोजक एवम्
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com